फोन ५-५२१११८
५-५२५६४२
५-५४६५०८
अडियो सन्देश सूचना बोर्ड : १६१८९७०७८७८८२५
Email: prakasan.sajha@gmail.com, Visit: www.sajha.org.np

# साझा प्रकाशन

पत्र सङ्ख्या :
rnfgL gDa/ M

केन्द्रीय कार्यालय, पुलचोक, ललितपुर

मिति : २०७७।०९।१०

सेयर सदस्य महोदय,

साझा प्रकाशनको महाप्रबन्धक पदमा बहाल भएपछि मेरो प्रमुख जिम्मेवारी चौबिसौँ साधारण सभा सम्पन्न गरी संस्थालाई गतिशील बनाउने रहेको हुँदा यसअघि २०७७ वैशाख २७ गतेका लागि साधारण सभाको मिति तय गरिएको थियो। सो साधारण सभा कोभिड-१९ का कारण रोकिएको व्यहोरा स्मरण गराउँछु। संस्थाको चौबिसौँ साधारण सभा मिति २०७७ पुस २५ गते शनिबार दिन १०:०० बजे पुलचोक, ललितपुरस्थित साझा प्रकाशनको केन्द्रीय कार्यालय परिसरमा आयोजना हुँदै छ। महामारीका कारण जोखिम न्यूनीकरण गर्न विद्युतीय माध्यममार्फत सम्पन्न हुने सो साधारण सभामा सहभागिताका लागि सेयर सदस्य महानुभावहरूलाई जुम लिङ्क आइडी 9842738081, पासकोड 123 अथवा 9856016855, पासकोड 111 यसैसाथ पठाइएको छ।

कोभिड-१९ का कारण सबै सेयर सदस्यहरू एकै पटक उपस्थित हुँदा जोखिम हुने भएकाले उपस्थिति दर्ताका लागि मिति २०७७।०९।१९ देखि साधारण सभा हुने दिनसम्म संस्थाको केन्द्रीय कार्यालय, पुलचोक, ललितपुरमा कार्यालय समयभित्र उपस्थिति पुस्तिका खुला गरिने भएकाले परिचयपत्र साथ उपस्थित हुन अनुरोध गर्दछौं। साधारण सभामा प्रस्तुत हुने प्रतिवेदन (वासलात) र साझा प्रकाशनको विनियम २०७७ (मस्यौदा) संस्थाको वेबसाइट www.sajha.org.np मा समेत राखिएको छ। सो प्रतिवेदन र विनियमउपरका सुझाव संस्थाको इमेल prakasan.sajha@gmail.com वा संस्थामा रहेको सुझाव पुस्तिकामा पेस गर्न सकिने व्यवस्था मिलाइएको छ।

साधारण सभाले सहकारी नियमावली २०७५ नियम ७७ बमोजिम सञ्चालक समितिका अध्यक्ष (१), कम्तीमा एक महिलासहित तीन (३) सञ्चालक र लेखा सुपरिवेक्षण समितिका संयोजकसहित तीन पदाधिकारीको निर्वाचन गर्ने भएकाले निर्वाचनसम्बन्धी कार्यक्रम संस्थाको सूचनापाटी तथा वेबसाइट www.sajha.org.np मा राखिएको छ।

साधारण सभाको विषयसूचीसहितको वार्षिक प्रतिवेदन (वासलात) र विनियमको मस्यौदा यसैसाथ संलग्न छ। साधारण सभालाई सफल बनाउने दायित्व यहाँहरुको भएको विनम्र निवेदन गर्दछु।

होमप्रसाद गौतम

**महाप्रबन्धक**

# चौबिसौँ साधारण सभाको विषयसूची

क) गतसाधारण सभाको निर्णय पढेर सुनाउने,

ख अध्यक्षको प्रतिवेदन प्रस्तुत गर्ने,

ग) लेखापरीक्षकको प्रतिवेदन प्रस्तुत गर्ने,

घ) (आ.व. २०६३/०६४, २०६४/०६५, २०६५/०६६, २०६६/०६७ र २०६७/०६८ को वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने,

ङ) साझा प्रकाशनको विनियम २०२१ मा भएको संशोधनसहित विनियम, २०७७ को मस्यौदा पारित गर्ने,

च) सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ अनुसार अंशियारको तर्फबाट निर्वाचित हुने अध्यक्ष, एक महिलासहित तीन सञ्चालक र लेखा सुपरिवेक्षण समितिका संयोजकसहित दुई सदस्यको निर्वाचन गर्ने ।

## सञ्चालक समिति

ख्यामबहादुर थापा

अध्यक्ष

## सञ्चालक

विष्णुराज ढकाल

दीपक शर्मा

डा. टेकनारायण पौडेल

टाइन्द्रप्रसाद अधिकारी

होमप्रसाद गौतम

महाप्रबन्धक

# साझा प्रकाशनको चौबिसौँ साधारण सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री ख्यामबहादुर थापाद्वारा प्रस्तुत प्रतिवेदन

आदरणीय सेयर सदस्यहरू,

लामो समयदेखि नेपाली वाङ्मयको विकासमा योगदान गर्दै आएको साझा प्रकाशनका प्रबुद्ध सेयर सदस्यहरूलाई म सर्वप्रथम हार्दिक स्वागत एवं अभिवादन गर्दछु ।

साझा प्रकाशनले स्थापना कालदेखि नै यहाँहरूको साथ, सहयोगमा शिक्षा र साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको व्यहोरा सम्बन्धित सबैलाई अवगतै छ । यो संस्था साहित्यिक प्रकाशनसँगै पाठ्यपुस्तक निर्माण, प्रकाशन र बिक्रीवितरण जस्ता कार्यमा केन्द्रित रही आएको छ । हामीले गरी आएका मध्ये केही कामहरू विगत केही वर्षदेखि गर्न नपाएका कारण हामीलाई आय आर्जन लगायतका क्षेत्रमा केही अप्ठ्यारो अवस्था सिर्जना भएको व्यहोरा म यहाँहरूलाई अनुरोध गर्न चाहन्छु । यसर्थ यस संस्थालाई चलायनमा बनाउन विगतका कार्यहरूको निरन्तरता र नयाँ कार्य गर्न उचित विकल्पहरूका बारेमा यहाँहरूको सल्लाह, सुझाव र सक्रिय सहयोगको अपेक्षा गरिएको छ । साझा प्रकाशन लेखक-साहित्यकारहरूको साझा थलो भएको र अधिकांश स्रष्टाहरू यसका सेयर सदस्य भएको नाताले पनि यस संस्थालाई जोगाउनु हामी सबैको समान दायित्व हो । साझा प्रकाशनबाट स्रष्टाहरूले पुस्तक प्रकाशन गरेर पाठकलाई ज्ञानको खुराक दिई आफ्नो लेखकीय छवि उचो बनाउनुभएको यथार्थ स्मरण गर्न चाहन्छु । विगतमा साझा प्रकाशनले लेखकहरूलाई केही कमीकमजोरीका बावजुद पनि रोयल्टी उपलब्ध गराउँदै आइरहेको कुरा यहाँहरू सबैलाई जानकारी नै छ । हाल विविध कारणवश यसलाई निरन्तरता दिन सकिएको छैन ।

आशा एवं विश्वास छ, आगामी दिनमा यसलाई व्यवस्थित गराउँदै लगिने कुरामा म यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु । यस संस्थालाई व्यवस्थित बनाउने कर्तव्य हामी सबैको भएको हुँदा आगामी दिनमा यहाँहरू सबैको सकारात्मक सहयोगको अपेक्षा संस्थाले लिएको छ । संस्थालाई थप व्यवस्थित र क्रियाशील बनाउनका लागि दक्ष जनशक्तिका साथै उच्च प्रविधिको उपयोग गर्दै थोरै लगानीमा धेरै प्रतिफल प्राप्त हुने सोचका साथ काम अगाडि बढाउन हरसम्भव प्रयत्न भइरहेको छ ।

सहकारी ऐन, २०७४ को दफा १३५ म यस साझा प्रकाशनलाई विशेष संस्थाको रूपमा राखिएको छ । सहकारी नियमावली, २०७५ को नियम ७७ मा संस्था सञ्चालनसम्बन्धी विशेष व्यवस्थाअन्तर्गत सञ्चालक समिति गठनको प्रावधान उल्लेख गरिएको छ र सोही प्रावधानबमोजिम यस साधारण सभाबाट सञ्चालक समितिका अध्यक्षसहित ४ जना सदस्य र लेखा सुपरिवेक्षण समितिको निर्वाचन हुन गइरहेको व्यहोरा अनुरोध गर्दछु । यस निर्वाचनबाट संस्थाले सक्षम र गतिशील नेतृत्व पाउनेछ भन्ने अपेक्षा राखिएको छ ।

साझा प्रकाशनको विनियम २०२१ अद्यावधिक हुन नसक्ता त्यसका आधारमा संस्था सञ्चालनमा बाधा परेको हुँदा सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ बमोजिम साझा प्रकाशनको विनियम अद्यावधिक बनाउनु पर्ने र संस्थाको हालको अवस्थालाई समेत मध्यनजर गरी साझा प्रकाशनको विनियम २०७७ को मस्यौदा तयार गरी पेस गरेका छौं । प्रस्तावित विनियममाथि छलफल गरी पारित गरिदिन सबै सेयर सदस्यज्यूहरूलाई हार्दिक अनुरोध गर्दछु ।

साझा प्रकाशनको आ.व. २०६३/०६४ देखि २०६७/०६८ सम्मको लेखापरीक्षण सम्पन्न भए पनि साधारण सभामा पेस

हुन बाँकी रहेकाले यस साधारण सभामा उक्त प्रतिवेदन पेस गरेका छौँ। त्यसपछिका आर्थिक वर्षको लेखापरीक्षण यथाशीघ्र सम्पन्न गरी आगामी साधारण सभामा पेस गर्ने व्यहोरा जानकारी गराउँछु।

साझा प्रकाशनको केन्द्रीय कार्यालय हातामा भूकम्पबाट जीर्ण बनेका भवन पुनर्निर्माणको काम अगाडि बढी निर्माणसम्बन्धी केही कार्यहरू सम्पन्न भइसकेको अवस्थामा पनि थप कार्यहरू अगाडि बढाउन सकिएको छैन। त्यस कारण संस्थाका कर्मचारी जोखिमपूर्ण तबरले जीर्ण भवनमा बसेर काम गर्नुपरेको अवस्था छ। यसतर्फ सरोकारवालाल सबै पक्षको ध्यान जानु जरुरी देखिएको छ।

साझा प्रकाशनलाई सहयोग पुऱ्याउँदै आएका आदरणीय अंशियार महोदयहरूका साथै नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, शिक्षा मन्त्रालय, जनक शिक्षा सामग्री केन्द्र लि., विश्वविद्यालयहरू, नेपाल प्रज्ञा प्रतिष्ठान, पुरातत्त्व विभाग, लोकसेवा आयोग, कानुन किताब व्यवस्था समिति, स्टेसनरी तथा पुस्तक बिक्रेता महासङ्घ, नेपाल पुस्तक बिक्रेता तथा प्रकाशक सङ्घ, लेखक र कलाकार समुदाय, पाठक वर्ग, मिडियाकर्मी, निजी क्षेत्रका मुद्रक एवं प्रकाशकहरू, सम्पूर्ण एजेन्टहरू तथा आमपुस्तक विक्रेता र अन्य सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

साझा प्रकाशनलाई सुव्यवस्थित र सबल रूपमा अगाडि बढाउने कार्यमा सञ्चालक महानुभावहरूबाट पाएको सहयोगप्रति आभार व्यक्त गर्दछु। साथै संस्थाका कर्मचारीहरूको योगदान पनि सराहना गर्दछु।

धन्यवाद !